नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, मंसिर ४ गते, २०८३ साल (अतिरिक्ताङ्क ५४

भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने गरी प्रचलित कानूनबमोजिम विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग विगतमा भएका र भविष्यमा हुने अनुदान सम्बन्धी सम्झौता (कम्प्याक्ट) तथा समझदारीपत्रको म्याद थप गर्ने र अनुदान तथा ऋण सहायता सम्झौताको अङ्गको रूपमा रहेका तालिकालाई पुनर्तालिकीकरण गर्ने अधिकार नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम ५ को उपनियम (१) बमोजिम नेपाल

सरकारको अर्थमन्त्रीलाई प्रत्यायोजन गर्ने निर्णय गरेकोले सूचना प्रकाशन गरिएको छ।

द्रष्टव्य : खण्ड ७६, सङ्ख्या ४७, मिति २०८३/०७/२३ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

आज्ञाले,
डा. घनश्याम उपाध्याय
नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३